# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौँ

प.सं. ०७५/७६
च.नं.

### सहि सूचना प्रवाह गर्न गराउन जारी गरिएको प्रेस विज्ञप्ती

कोरोना भाइरस (कोभिड १९) को दोश्रो लहरका कारण संक्रमण तथा मृत्यु हुनेको संख्या तीव्र रुपमा बढीरहेको र अस्पतालमा उपचारका लागि स्थान नपाउने, अक्सिजन तथा आवश्यक उपकरणको अभावका कारण समस्या पर्ने गरेको अवस्थामा सर्वसाधारण नागरिकले कोरोना भाइरसको प्रभाव वा विस्तार वढ्न नदिन नेपाल सरकार तथा नेपाल सरकारका निकायहरुले गरिरहेका प्रयासहरुका वारेमा यथार्थ र सहि सूचना समय मै पाउन आवश्यक छ । यसबाट कोरोना भाइरसको प्रकोपवाट बच्न र बचाउन सहयोग पुग्दछ । साथै यथार्थ र समय मै पाउने सूचनाले नागरिकलाई भ्रम र भयवाट मुक्त गराउँछ र हामीले गरेका प्रयासहरुले सकारात्मक परिणाम ल्याउन संभव बनाउंछ । पारदर्शी र उत्तरदायी कृयाकलापबाट मात्र हामी सवै सफल हुन सक्छौं । कोरोना भाइरसका वारेमा तथा यससंग संवन्धित विषयहरुमा भ्रमपूर्ण सूचनाहरुका कारण गंभीर परिणाम आउन सक्ने तर्फ ध्यान दिई यस्ता सूचना प्रवाह, प्रकाशन, प्रसारण तथा शेयर नगर्नु हुन सवैमा अनुरोध गर्नुका साथै संवन्धित नियामक निकायलाई चनाखो रहन पनि आयोग अनुरोध गर्दछ । साथै यस विषम परिस्थितिमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, चिकित्सा सेवा प्रवाह गर्ने सवै संस्थाहरु, सम्वद्ध अन्य निकायहरु र सर्वसाधारण नागरिकमा राष्ट्रिय सूचना आयोग देहाय बमोजिम गर्न गराउन हुन हार्दिक अनुरोध गर्दछ ।

- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा राहतका लागि भए गरेका कामहरुका वारेमा कम्तिमा दिनको एक पटक यथाशक्य विस्तृत जानकारी गराउने व्यवस्था मिलाउने ।
- उपलव्ध र वितरण भएका वा गरिने तथा खरिद गरिने स्वास्थ्य सामग्री तथा औषधीका वारेमा नियमित रुपमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय तह र चिकित्सा संस्थाहरुवाट जानकारी गराउने व्यवस्था मिलाउने।
- सेल्फ आइसोलेशन, सेल्फ क्वारेनटाइन, सामुदायिक वा संघ, प्रदेश, स्थानीय तहहरुवाट निर्मित स्थानहरु वा अस्पतालमा रहेका नागरिकहरुका वारेमा एकिकृत तथ्यांकीय विवरण नियमित रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।
- कोभिड संक्रमितका लागि सरकारी तथा नीजि अस्पतालहरुमा उपलव्ध बेड संख्या, अवस्था, उपलव्धताका वारेमा एकीकृत रुपमा सूचना उपलव्ध गराउने व्यवस्था ।
- अक्सिजन तथा सिलिण्डर उपलव्धता र वितरणको दैनिक अवस्था र समस्या परेमा तत्काल सम्पर्क गर्न सकिने पदाधिकारी तथा कार्यालयको नाम, नंवर र ठेगाना सार्वजनिक गर्ने गराउने ।
- उल्लेखित विवरण तथा कोरोना भाइरसवाट बच्न नागरिकले पालना गर्न पर्ने विषयहरु स्थानिय भाषामा तथा स्थानिय सञ्चार माध्यमको अधिकतम प्रयोग गर्ने गराउने ।
- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले दिएका निर्देशन तथा नियम भित्र बसेर मात्र यस भाइरसको संक्रमणवाट जोगिन सकिने हुंदा यस्ता निर्देशनहरुको पालना गर्दै आफुलाई सुरक्षित राख्नुका साथै र अरुलाईपनि सुरक्षित रहन सहयोग गरौं ।

(कमला ओली थापा)
सूचना आयुक्त तथा प्रवक्ता

२०७८ बैशाख २९ बुधवार